नीलकण्ठ नगरपालिकाको सातौं नगरसभामा आर्थिक वर्ष २०७७/७८ का लागि

**नगरप्रमुख भीमप्रसाद ढुंगाना ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम**

नगर उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिकाका पदाधिकारी ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, कार्यपालिकाका सल्लाहकार ज्यू, उपस्थित कर्मचारी मित्रहरु , पत्रकार बन्धुहरु !

नीलकण्ठ नगरपालिकाको चौथो बर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने यो सातौं नगरसभामा उपस्थित यहाँहरु सबैमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । सम्पूर्ण विश्वनै कोरोना भाइरस कोभिड १९ रोगका कारण अस्तव्यस्त भैरहेकोछ । नेपालमा समेत हजारौं संक्रमित र दर्जनौको मृत्यू भैसकेको सन्दर्भमा नीलकण्ठ नगरपालिकाको विकास र उन्नतिका लागी आत्मबल बलियो बनाउँदै हाम्री सातौं नगरसभामा उपस्थित भएका छौं । यो विषम घडिमा पनि हामीलाई चूनौतिका पहाड छिचोल्दै कर्तव्यपथमा लाग्न अभिप्रेरीत गर्ने, स्वतन्त्रता र समग्र अधिकारका लागि व्यवस्था परिवर्तनको श्रृंखलावद्ध संघर्षमा बलिदानी गर्ने तमाम शहिदहरुमा हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । लोकतन्त्र, संघीयता, स्वायत्तता र शक्ति पृथकिकरणको मार्ग प्रशस्नी गरि स्थानीय सरकारको प्रतिनीधिका रुपमा हामीलाई ऐतिहासिक भूमिका निर्वाह गर्न मार्गदर्शन गर्ने सबै अग्रज र योद्धाहरुको उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु । साथै बर्तमान कोरोना भाइरस कोभिड १९ को महामारीमा ज्यान गुमाउनेहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै संक्रमितहरुमा पूर्ण स्वास्थलाभको कामना गर्दछु ।

सम्पूर्ण विश्व नै कोरोना भाइरस महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज हामी नीलकण्ठ नगरपालिकाको चौथो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौं । महिनौं देखि घरमै थुनिनु परेको, उद्योग व्यवसाय बन्द भएको, लाखौंको रोजगारी गुमेको, विप्रेशणले धानेको अर्थतन्त्रमा बैदेशिक रोजगारीमा जाने लाखौं श्रमिकको उद्धार गर्नुपर्ने अवस्था रहेको, पर्यटन तथा समग्र अर्थतन्त्र धाराशायी भैरहेको अवस्थाबाट हामी सबै आक्रान्त छौं । यो परिवेशमा नीलकण्ठ नगरको दीर्घकालीन विकास लक्ष, एकिकृत नगर विकास तथा शहरी विकास गुरुयोजना र विकासका नियमित पाइला अघि बढाउँदै अग्रगामी नीति र कार्यक्रम प्रस्तुत गर्नु पक्कै चुनौतिपूर्ण छ । तथापी समस्या संग जुध्न र अप्ठेरोमा समाधान खोज्न हामी नगरको नेतृत्व तहमा रहनेले जोखिमपूर्ण कदम उठाउनै पर्दछ । यो विषम परिस्थिति हाम्रा लागि केहि गरेर देखाउने अवसर पनिहो भन्ने ठान्दै नमूना नीलकण्ठ बनाउने अभियानमा आत्मविश्वासका साथ लाग्न म सबै जनप्रतिनीधिज्यूहरु र नीलकण्ठ नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

जिउ रहेत घिउ पिए भन्ने उखान चरितार्थ गर्दै यतिबेला हामी सबैको ध्यान कोरोना भाइरसको महामारीबाट बाँच्ने र बचाउनेमैं केन्द्रित छ । तसर्थ कोरोना भाइरस कोभिड १९ प्रतिकार्य तथा विपद् जोखिम न्युनिकरण आर्थिक वर्ष २०७७ ०७८ को नीति कार्यक्रमको पहिलो प्राथमिकता रहेकोछ । हाम्रो विशेष सावधानी र दरीलो आत्मबलले यो महामारीलाई सजीलै जित्ने संकल्प सहित हामीले पुर्वघोषीत नीति कार्यक्रम र हाम्रा नगरविकासका चालू अभियानलाई निरन्तरता दिने गरि यो वर्षको नीति तथा कार्यक्रम तय गरेकाछौं । विगत ३ बर्षको नीति तथा कार्यक्रममा पुर्वाधार निर्माण पहिलो प्राथमिकतामा रहेकोमा यो वर्ष जीवनरक्षा, शैक्षिक विकास तथा सुधार, सेवा क्षेत्र र उत्पादन एवं उद्यमशिलतालाई हामीले विशेष प्राथमिकतामा राखेकाछौं । यस अघि क्रमागत रुपमा रहेका ठूला पुर्वाधारहरुको पुर्णता, नगर गौरवका आयोजनाहरुको निरन्तरता, मर्मत संभारका लागि नगरस्तरीय कोष स्थापना गरि सघन कार्यक्रम आगामी बर्षका पुर्वाधार लक्षित कार्यक्रममा समेटिनेछन् । समावेशी, लैंगिक उत्तरदायी, लक्षितवर्ग, दलित तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिई जनसहभागितमूलक विकास हाम्रो अभिप्राय हो । कोभीडि प्राभावितहरुको निःशुल्क उपचार, क्वारेन्टाइन व्यवस्थापन, उद्धार तथा पुनर्स्थापना सहित जेष्ठ नागरिकलाई घरदैलोमा स्वास्थ सेवा आगामी वर्षको प्राथमिकताका कार्यक्रम हुनेछन् । वडा नंबर ३ को धादिङवेशीमा शहरी स्वास्थ क्लीनीकको स्थापना, न्यायीक इजलासको सुरुवात, खुल्ला सरकार नागरिक साझेदारीको कार्ययोजना सहितको प्रवर्धन, जवाफदेहिताका लागि अधिकार सम्पन्न लेखा समितिको स्वतन्त्र भूमिका, संस्थागत क्षमता विकासलाई पनि विशेष प्राथमिकता दिइनेछ ।

**नगरसभा सदस्य ज्यूहरु !**

अब म नीलकण्ठ नगरपालिकाको विगतका नीति तथा कार्यक्रम र योजनाहरुबाट भएका मुख्य उपलब्धीहरुको सारसंक्षेप तपाईंहरुका माझ प्रस्तुत गर्न चाहन्छु ।

स्थानीय तहको पहिलो निर्वाचनका बेला हामीले घोषणपत्र मार्फत गरेका प्रतिवद्धता र पहिलो नगरसभामा ५ वर्षे लक्षका साथ भएका प्रतिवद्धता, विगतका नीति तथा कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई शुरुवात गरेको वृहत्तर योजनाहरु अधिकाश रुपमा

निर्माणाधिन अवस्थामा रहेका छन् । नगरपालिकाको १० वर्षे एकिकृत शहरी विकास योजनाले निर्दिष्ट गरेको यात्रामा हाम्रा वार्षिक नीति तथा कार्यक्रम केन्द्रित भैरहेका छन् भने यस अवधिमा धेरै आयोजना तथा कार्यक्रम सम्पन्न भैसकेका छन् । शपथ ग्रहण गरेको दिन हाम्रो टिमले प्रतिवद्धता गरेको तिर्खामुक्त नगर घोषणाको उत्तरार्धमा हामी आइपुगेका छौं । आगामी आर्थिक बर्ष भित्रमा नीलकण्ठ नगर निर्खामुक्त हुने गरि हामीले काम गरिरहेकाछौं । बाह्रै महिना चल्ने गरि नगरका १४ वटै वाड कार्यालयहरु सम्म पुग्ने मोटरवाटोको स्तरउन्नती लगभग पुरा हुने अवस्थामाछ । नगरपालिकामा शुसासन कायम गर्न हामीले गरेको प्रयाश देशमै उत्कृष्ठ घोषित भै उदाहरणीय बनेकोछ । देशभरमा पहिलोपटक निर्माण भएको मोबाइल एप्स र शुसासनमा इन्ए मान्यता हाम्रो नमूना कार्यको रुपमा स्थापित भएकोछ । सबै वडा कार्यालयहरुको आफ्नै भवनको लक्ष पुरा गर्न भवनहरु निर्माणाधिन अवस्थामा रहेकाले आगामी आर्थिक वर्षभित्रमा सबै वार्ड कार्यालय आफ्नै भवनबाट सञ्चालन हुने विश्वास व्यक्त गर्दछु । भुकम्पले क्षतिग्रस्त नगरका विद्यालयहरुको पुर्ननिर्माण ९० प्रतिशत पक्की भवनका साथ पुरा भैसकेको छ । नगर क्षेत्रमा रहेका ४ वटा महत्वपूर्ण सडकहरु हाम्रै कार्यकालमा पक्की संरचना तथा पीच सहित स्तरोन्नती भएकाले नगरक्षेत्रको सडक सञ्जालिकरणमा नीक्कै सहजता थपिएकोछ । ५ वर्षे उद्यम विकास रणनीतिक योजनाले निर्दिष्ट गरेको उद्यम उद्देश्य पुरा गर्न मेयर उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत कार्यविधि जारी गरि साझेदार बैंक संग सम्झौता समेत भैसकेकाले आगामी आर्थिक वर्षको प्रारम्भ देखिनै उद्यमीहरुलाई निब्याजी र सहुलियतपूर्ण ब्याजमा ऋण प्रवाह हुँदैछ । हाम्रो महात्वकांक्षी नगर गौरवको आयोजनाको रुपमा अघि बढिरहेको चक्रपथले एउटा देखिने प्रगति गरिरहेकोछ । तिब्र रुपमा निर्माण कार्य भैरहेको धादिङवेशी सडकपेटी हाम्रो नगर गौरवको देखाउन लायक कामको रुपमा सम्पन्न हुँदैछ । धादिङवेशीबजारको ७ किलोमिटर सडक गुणस्तरीय पीचका लागि ठेक्का सम्झौता भैसकेको छ भने बजारक्षेत्रको महत्वकांक्षी गौरव योजना करिडोर सडक निर्माण कार्य शुरु भैसकेकोछ । नगरका सबै वाडहरुमा आधारभूम स्वास्थ केन्द्र स्थापना भै सेवा समेत शुरुवात भैसकेकोछ । ८५ प्रतिशत अनुदान सहितको पशुविमा कार्यक्रम, प्रसुति सेवामा एम्वुलेन्स खर्च सहयोग कार्यक्रम प्रभावकारी रुपमा अघि बढिरहेकोछ । वैज्ञानीक ठेगाना प्रणालीमा धादिङवेशी वजार क्षेत्रको म्यापिङ कार्य सम्पन्न भैसकेकोछ भने अब केहि समय भित्रै वजार क्षेत्रमा ठेगानापाटी राख्ने काम हुँदैछ । नगरपालिकाको संस्थागत क्षमता विकास र शुसासनका लागि नगरसभावाट १४ वटा कानून तथा नीति र २४ वटा नियमावली तथा कार्यविधि पास गरि कूल ३८ वटा कानून ३ वटा खण्डमा नीलकण्ठ राजपत्र प्रकाशित भैसकेकोछ । हामीले घोषणा गरेका अधिकांश गौरवका योजना तथा महत्वपूर्ण कार्यक्रम हाम्रै कार्यकालमा सम्पन्न हुने र देखिनेखालको प्रगति हुने गरि अघिवढेको यस सभालाई सगौरव जानकारी गराउँछु ।

**नगरसभा सदस्य ज्यूहरु !**

अब म आर्थिक वर्ष २०७७ ०७८ का लागि नीलकण्ठ नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । नेपालको संविधान, २०७२ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दाइत्व, स्थानीय तहको अधिकार सूचि, पन्ध्रौं योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, संघ तथा प्रदेश सरकारका नीति र प्राथमिकता, वजेटका प्रचलित सिद्धान्त तथा प्राथमिकता, दिगो विकास लक्ष २०३० को मार्गचित्र समेतलाई आधार बनाई नीलकण्ठ नगरपालिकाको एकिकृत शहरी विकास गुरुयोजनाको जगमा हाम्रा नगर गौरवका पुर्वाधार तथा क्रमागत योजनालाई निरन्तरता दिंदै आगामी वर्ष सेवा क्षेत्रमा विशेष लगानी हुने गरि नीति तथा कार्यक्रम तय गरेकोछु ।

शिक्षामा लगानी पुस्तौं पुस्ता सम्मको आम्दानी भन्ने उक्तिलाई सार्थक हुने गरि यस बर्षको नीति तथा कार्यक्रममा नीलकण्ठ नगरपालिकाको शिक्षा क्षेत्रको व्यापक सुधारका लागि नगरशैक्षिक योजनाले सिफारिश गरेका योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिएकोछु । चौधै वडामा नगरको आफ्नै स्वामित्व र व्यवस्थापनको स्वास्थ संस्था रहने गरि शहरी स्वास्थ क्लीनीकको अवधारणा अघि सारेकोछु । ८० वर्ष नाघेका जेष्ठ नागरिकको घरदैलोमा नियमित स्वास्थ उपचार सेवा र सामाजिक सुरक्षा भत्ता वितरण लाई विशेष प्राथमिकतामा राखेकोछु । नगरपालिकाले निर्धारण गरेको प्राथमिकताक्रमको आधारमा आगामी वर्ष २०७७ ७८ को नीति तथा कार्यक्रम बुँदागत रुपमा प्रस्तुत गर्दैछु ।

## १. कोभिड १९ तथा विपद् व्यवस्थापन

- नगरवासी कसैलाई कोभिड १९ संक्रमण भएमा उपचारमा लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्नेछ ।
- नीलकण्ठ राजपत्रमा प्रकाशित कोभिड १९ प्रतिकार्य कार्यविधि अनुसार क्वारेन्टाइन व्यवस्थापन तथा आइशोलेसन स्थापनाका लागि आवस्यक सहयोग गरिनेछ । क्वारेन्टाइनमा वस्दाको सबै खर्च तथा सिमाबाट उद्धार गरि नगरपालिका सम्म ल्याउँदाको खर्च नगरापलिकाले बेहोर्नेछ । कोभिड १९ संग सम्बन्धीत उपचार, राहत तथा प्रतिकार्यका लागि कोभिड

कोषबाट र अन्य आकस्मीक विपपद् व्यवस्थापनमा विपद् व्यवस्थापन कोष बाट खर्च गर्ने गरि तत्काल उपचार तथा समस्याको सम्वोधन गरिनेछ ।

- कोभिड १९. को व्यापकताले सिर्जना हुन सक्ने परीस्थितिको आंकलन गरी क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङक सम्प्रेषण, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाइ सुरक्षा सामाग्रीको व्यवस्थापन तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट संचालित एम्बुलेन्स, दमकल तथा सवै संयन्त्रलाई उच्च शतर्कतामा राखि आकस्मीक सेवा सञ्चालन तथा आपतकालिन सेवा सञ्चालन कार्यविधि अनुसार कन्ट्रोल रुमको व्यवस्था गरिनेछ ।

## २. शैक्षिक विकास तथा सुधार

- नगरपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि नगर शैक्षिक योजनाले सिफारिश गरेका कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई साधन श्रोतले धाने सम्मको सम्वोधन गरिनेछ ।
- शैक्षिक मापदण्ड भन्दा तल रहेका विद्यालयहरुमा पुर्वाधार सहयोग तथा निजी श्रोतका शिक्षक व्यवस्थापनका लागि शैक्षिक अनुदानको व्यवस्थापन गरिनेछ ।
- शिक्षा क्षेत्रमा रचनात्मक सुधारका लागि विद्यालय व्यवस्थापन गुरुयोजना निर्माण गरि विद्यालयका प्रस्तावका आधारमा लक्षित शर्त पुरा गर्ने गरि विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुलाई प्रविधिमैत्री वनाउँदै एक शिक्षक एक ल्यापटप को नीतिलाई यसै वर्ष देखि कार्यान्वयन शुरु गरिनेछ ।
- जहाँ विद्यार्थी त्यहाँ शिक्षकको नीति आत्मसाथ गर्दै विद्यालय मर्ज कार्यक्रमलाई सरोकारवालाहरु संगको सहकार्यमा अघि वढाइनेछ ।
- एक वडा एक नमुना श्रोत विद्यालय घोषणा गरि शैक्षिक प्रशासन व्यवस्थापनलाई विकेन्द्रित गरिनेछ ।
- नगरका सवै विद्यालयहरुमा व्रोडव्याण्ड इन्टरनेट सेवा जोड्ने कार्यक्रम ल्याइनेछ ।
- नगर शिक्षा प्रशासनलाई चुस्त वनाउँदै शैक्षिक पार्श्वचित्र सहितको गभर्नान्स पोर्टल सञ्चालनमा ल्याइनेछ ।
- एक शिक्षक एक ल्यापटपको नीतिलाई शिक्षकहरु संग लागत साझेदारीमा पुरा गर्न शुरुवात गरिनेछ ।
- प्राविधिक तथा व्यावसायीक शिक्षाको प्रवर्धन गर्न नीलकण्ठ पोलिटेक्नीकल कलेजको सम्भाव्यता अध्ययन गरि कार्य प्रारम्भ गरिनेछ ।
- विश्वविद्यालय शिक्षालाई प्रवर्धन गर्न शैक्षिक अनुदान तथा प्राज्ञिक अनुसन्धानलाई प्रोत्साहन गरिनेछ ।
- नगर शिक्षा र समग्र नगरपालिकाको प्राज्ञिक अध्ययन अनुसन्धानको लागि समेत श्रोत केन्द्र हुने गरि धादिङवेशीमा पुस्तकालय व्यवस्थापन तथा हरेक वडामा इ लाइब्रेरी सहितको व्यवस्थित पुस्तकालय स्थापनाको नीति अघि वढाइनेछ ।
- विद्यालयहरुको गुणस्तर वृद्धि गर्न मापदण्ड निर्माण गरि प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरि प्रशिक्षण, पुरस्कार एवं दण्डको व्यवस्था गरिने छ
- श्रव्य दृश्यको माध्यमवाट अन्तरक्रियात्मक कक्षा सञ्चालन गरि गुणस्तरीय शिक्षा उपलब्ध गराईने छ ।
- प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग व्यवस्थापन कार्य सम्पादन करार सम्झौता गर्ने नीति अवलम्वन गरिने छ ।
- हाल लकडाउनको कारणले विद्यालय वन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड वमोजिम अनलाईन, रेडियो, टिभि लगायतका वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाईनेछ ।
- वालविकास र आधारभूत तहका कक्षकोठालाई सूचना प्रविधिमैत्री तथा अडियो भिडियो सुविधा सहित व्यवस्थित गरिनेछ ।
- शिक्षा क्षेत्रमा विशेष योगदान गर्ने शिक्षाविद् तथा शिक्षाकर्मीलाई नगर शिक्षा पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय अनुगमन तथा निरिक्षण कार्यक्रमलाई निरन्तर र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- कोभिड १९. का कारण वन्द रहेको विद्यालय सहज अवस्थामा खोल्नु अघि निर्मलीकरण गरि सुरक्षा सजगता अपनाएर मात्र संचालन गरिनेछ ।
- 

३. जनस्वास्थ:

- सवै नगरवासीको आधारभूत स्वास्थ सेवाको ग्यारेन्टी हुने गरि हरेक वडामा स्थापित स्वास्थ संस्थालाई साधनश्रोत सम्पन्न वनाइनेछ ।
- सदरमुकाम धादिङवेशीमा खोप सेवा, मातृशिशु सेवा तथा विशेषज्ञ ओपिडी सेवा सहीतको शहरी स्वास्थ क्लीनीकको स्थापना गरिनेछ ।
- प्रसुती सेवामा स्वास्थसंस्था सम्म जाँदा दिइरहेको निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।
- ८० वर्ष काटेका जेष्ठ नागरिकलाई हरेक महिना घरदैलोमै स्वास्थ जाँच तथा अत्वावश्यक निःशुल्क औषधी वितरण सेवा सञ्चालन गरिनेछ ।
- नगरमा रहेका स्वास्थकर्मी, विशेषज्ञ डाक्टर तथा महिला स्वास्थ स्वयंसेवीकाहरुमार्फत सर्ने र नसर्ने रोगका वारे सचेतना तथा विशेष स्वास्थ अभियान सञ्चालन गरिनेछ ।
- नगरका हरेक वडामा एम्वुलेन्स सञ्चालन गर्ने नीति लिँदै यस वर्ष थप ३ वटा एम्वुलेन्स सञ्चालनमा ल्याइनेछ ।
- सवै नगरवासीको स्वास्थविमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको थालनी गरिनेछ ।
- क्षयरोग, एच.आई.भी, औलो तथा पानीवाट सर्ने लगायतका सरुवा रोगहरुको रोकथाम, नियन्त्रण, उपचार तथा पुनः स्थापनामा प्राथमिकता दिई यसप्रकारका रोगीहरुको संख्यालाई न्यूनिकरण गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन सुविधा उपलव्ध गराईनेछ ।
- स्वास्थ्य सेवामा सम्लग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ ।

४. कृषि तथा पशुपंक्षी विकास

- एक वडा एक उत्पादनको नीति अनुसार हरेक वडामा उत्पादन हुने कृषि उपजको प्राविधिक अध्ययन तथा माटो परिक्षण गरि व्लक तथा पकेट क्षेत्र घोषणाका गरिनेछ ।
- कृषि तथा पशुपंक्षी विकास र प्रवर्धनका लागि कृषि विकास योजना तथा रणनीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई कार्यान्वयन गरि कृषकहरुलाई विशेष प्रोत्साहन गरिनेछ ।
- व्यवासायीक कृषिको प्रवर्धन गर्न लागत साझेदारीमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- वाँझो जग्गाको लगत संकलन गरि अनिवार्य खेती तथा उपभोग नीति कार्यान्वयन गरिनेछ ।
- पशुपालन व्यवासायलाई वजार मागमा आधारित हुने गरि प्रवर्धन तथा वजारिकरण सहयोग गरिनेछ ।
- कृषि हाटवजार तरकारी वजार तथा शितभण्डार निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
- मासु जाँच ऐन अनुसार स्वच्छ माशु प्रवर्धनका लागि वधशाला तथा मासु पसललाई तोकिएको मापदण्ड पुरा गर्ने गरि सञ्चालन गर्न आवश्यक सहयोग तथा नियमन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी विकासलाई जिविकोपार्जन र स्वरोजगारी संग जोडि आवस्यक सहयोग गरिनेछ ।
- अत्याधुनिक कृषि प्रणालीका लागि हाईटेक नर्सरीको स्थापना गरिनुका साथै टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तार गरि आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ ।

- नीलकण्ठ नगरलाई जैविक विषादी रहित नगरको रुपमा स्थापित गर्न जैविक विषादी र प्रांगारिक मलको उत्पादन तथा प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिँदै नश्ल सुधार तथा कृषि बीमा कार्यक्रम संचालन गरिने छ स्थानीय प्रजातिका धान मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षणको लागि नगर केन्द्र तथा वडाहरुमा स्थानीय विउबैंक स्थापना गरिनेछ ।
- पुष्पखेती प्रवर्धन तथा नर्सरी व्यवस्थापनलाई प्रोत्साहन गरि मौरी पालल व्यवसाय गर्ने किसानलाई लागत साझेदारीमा सहयोग गर्न मौरी श्रोत केन्द्र प्रवर्धन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।पशुस्वास्थ तथा बालि संरक्षणका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ ।

## ५. उत्पादन तथा उद्यमशिलता र सहकारी

- नगरपालिकाको समग्र उत्पादन वृद्धि हुने खालका उद्यम, व्यवसाय तथा जनशक्तिलाई आवश्यक सहयोग गरिनेछ ।
- उत्पादनमूलक उद्योग व्यवासय सञ्चालन गर्ने उद्यमीहरुलाई लागत साझेदारीमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- नगर उद्यम विकास रणनीतिले तयर गरेको लक्ष पुरा गर्न सञ्चालन भैरहेको मेयर उद्यमशिलता विकास कार्यक्रमलाई यस वर्ष सघन कार्यक्रमका रुपमा सञ्चालन गरिनेछ ।
- नगरक्षेत्रका सवै वेरोजगार युवा तथा जनशक्तिलाई आफूले चाहेको उद्योग व्यवासाय तथा उत्पादनमूलक काम गर्न खुल्ला वाह्वान गरि व्यवसाय सचेतना तालिम सञ्चालन गरिनेछ ।
- वेरोजगार युवा तथा जनशक्तिको व्यावसायीक योजनाको आधारमा २ देखि १५ लाख सम्म विना धितो वा धितो राखेर सहूलियत कर्जा उपलब्ध गराइनेछ ।
- विदेशवाट व्यवसायी दक्षता हासिल गरि फर्किएका जनशक्तिलाई यस नगरक्षेत्रमा व्यवासाय सञ्चालन गर्न सहूलियत कर्जा तथा लागत साझेदारीमा पूर्वाधार अनुदान उपलब्ध गराइनेछ ।
- एक घर कम्तिमा एक रोजगार वा स्वरोजगारको नीति ल्याई नागरिक पहिचान तथ्यांकको आधारमा सहयोग गरिनेछ ।
- निर्वाहमुखी पशुपालन गर्ने किसानहरुलाई व्यवसायीक बनाउन दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका माताहतमा रहेका सहकारीहरुले उत्पादन तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न चाहेमा ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास तथा विषयगत विशिष्टीकरणको लागि आवश्यक सहयोग गरिनेछ ।
- सहकारीमार्फत हुने सामुहिक खेती, नवप्रवर्तनात्मक कार्य तथा सेवामूलक काममा नगरपालिकाले विशेष सहयोग गर्ने नीति लागू गरिनेछ ।

## ६. पुर्वाधार विकास तथा नगरगौरबका योजना

- यस अघिका नीति कार्यक्रममा सम्वोधन भै नगर गौरबका योजनाका रुपमा क्रमागत चलिरहेका चक्रपथ र करिडोरलाई निरन्तरता दिइनेछ ।
- घोषणापत्र र प्रथम नगरसभामा घोषित हरेक वडाकेन्द्र सम्म बाह्रै महिना चल्ने सडक स्तररोन्नती कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।
- यस अघि निर्माण भएका सडक तथा अन्य पुर्वाधारहरुका कारण भएको प्राकृतिक क्षतिको अध्ययन गरि भौतिक तथा बायो इन्जिनियरिङ तरिका अपनाई क्षति न्युनिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरक्षेत्रमा यस अघिनै योजनामा परेका र विशेष सामरिक महत्व बोकेका क्षेत्र जोड्ने बाहेक नयां सडक ट्याक खोल्न दिइनेछैन ।

- सडकमा बजेट विनियोजन गर्दा न्युनतम् ८० प्रतिशत काम नाला निर्माण गर्ने तथा ग्राभेल गर्ने काममा मात्र स्टमेट गरि विनियोजन गरिनेछ ।
- यस अघि निर्माण थालनी भै अधुरो रहेका भवन तथा पुर्वाधारहरुलाई पूर्णता दिने गरि रकम विनियोजन गरिनेछ ।
- तिर्खामुक्त नगरको घोषणा सफल वनाउन ठूला साना सबै खानेपानी आयोजनाहरुलाई प्राथमिकता दिई एक घर एक धाराको नीति अनुसार सबै वडामा सुद्ध खानेपानी सेवा उपलब्ध गराइनेछ ।
- नमूना योजनाको रुपमा धादिङवेशी वजारको मूल सडकपेटी निर्माण सम्पन्न हुने क्रममा रहेकाले शाखा सडकमा समेत विस्तार गरि रंगरोकन तथा हरियाली प्रवर्धन गरिनेछ ।
- धादिङवेशी वजारको सजावट तथा रंगरोकन र अव्यवस्थित तारहरुलाई व्यवस्थित गर्न सम्वन्धित सेवाप्रदायकहरु संगको सहकार्यमा आवश्यक कार्य गरिनेछ ।
- नगरस्तरीय सडक व्यवस्थापन गुरुयोजना निर्माण गरि सडक कोडको आधारमा मर्मत तथा स्तरवृद्धि गर्ने प्रणालीको विकास गरिनेछ ।
- नगरक्षेत्रमा निर्माण भएका सवै भवनहरुको मापदण्ड अनुरुप भए भवन निर्माण सम्पन्न प्रमाणपत्र र अन्यमा अभिलेखिकरण प्रमाणपत्र प्रदान गरिनेछ ।
- धादिङवेशी वजार र आसपासका क्षेत्रमा आधुनिक भु व्यवस्थापन प्रणाली प्रयोग गरि सार्वजनिक जग्गा पहिचान गरिनेछ । सवै सार्वजनिक जग्गालाई नक्सांकन गरि अतिक्रमणवाट जोगाउँदै सार्वजनिक रुपमा सदुपयोग गरिनेछ ।

## ७. महिला, जनजाति, बालवालिका, अपांगता तथा जेष्ठ नागरिक

- महिला, वालवालिका तथा जेष्ठ नागरिकको आवश्यकता सम्वोधन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैगिक उत्तरदाई बजेट नीति अनुसार योजना तथा कार्यक्रम विनियोजन गरिनेछ ।
- महिला, जनजाति, वालवालिका, अपांगता तथा जेष्ठ नागरिक को हक अधिकार सुनिश्चित गर्न लैगिक तथा सामाजिक समावेशीकरण नीति जारी गरिनेछ ।
- महिलाहरुको क्षमता विकास गरि उद्यम सहायता, स्वरोजगार तथा आत्मनिर्भर वन्न आवश्यक सहयोग गरिनेछ ।
- जनजातीहरुको शसक्तिकरणका लागि माग र आवश्यकता पहिचानमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुका लागि विश्राम तथा परामर्श केन्द्र र घरदैलोमा नियमित उपचार सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालअधिकार र क्षमताको प्रवर्धन गरि नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गरिनेछ ।
- अपांगता भएका नगरवासीलाई आवस्यक सामाजिक सुरक्षा, सिपविकास, जिविकोपार्जनका लागि विउपुँजि हस्तान्तरण तथा पहेंलो कार्ड लिएका अपांगता सहायता निर्देशिका जारी गरि आवश्यक सहयोग गरिनेछ ।

## ८. दलित तथा विपन्न बर्ग

- आर्थिक तथा सामाजिक क्षेत्रका हिसावले पछाडी पारिएका दलित तथा गरिव घर पहिचानका आधारमा वर्गिकृत भएका विपन्न वर्गलाई प्राथमिकता दिई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलितहरुको परम्परागत पेशालाई व्यवसायीकरण गर्न आरन सुधार कार्यक्रम, सिलाई प्रशिक्षण तथा छालाजुत्ता उद्योग स्थापना तथा अन्य व्यवसाय गर्न आवश्यक अनुदान र सहुलियत ऋणको व्यवस्था गरिनेछ ।
- दलितहरुका लागि शसक्तिकरण तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित वालवालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम तथा छात्रवासका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

- दलित तथा विपन्न बर्गका लागि प्राविधिक तथा शिप विकास तालिम सञ्चालन गरि व्यवसाय सञ्चालन गर्न बिउपूंजीको प्रवन्ध गरिनेछ ।

## ९. संस्कृति, उद्योग तथा पर्यटन

- नीलकण्ठ नगरक्षेत्रका सवै जातजातीका मौलिक संस्कृति संरक्षण तथा प्रवर्धनका लागि आवश्यक सहयोग गरिनेछ ।
- नगर क्षेत्रका महत्वपूर्ण पुर्वाधार तथा सार्वजनिक स्थलहरुमा मौलिक संस्कृति झल्किने खालका संरचना निर्माण गर्न प्रोत्साहित गरिनेछ ।
- पुरातात्वीक महत्वको भैरवी मन्दीरलाई डिपिआर अनुसार पुनर्निर्माण गरि आकर्षक धार्मिक पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ ।
- राष्ट्रिय र अन्तराष्ट्रिय आकर्षक पर्यटन गन्तव्यका रुपमा विकास गर्ने गरि डिपिआर् तयार भएको वडा नंबर १३ र ११ मा पर्ने हिमालयन वाल ट्रेलको निर्माण गर्न साझेदारी कार्यक्रमलाई विशेष प्राथमिकतामा राखि कार्य प्रारम्भ गरिनेछ ।
- नीलकण्ठ नगरपालिकामा महादेवको आकर्षक मुर्ति सहित वृहत पार्क निर्माण गर्न डिपिआर् तयार गरि योजना शुरुवात गरिनेछ ।
- राकोट दरवार र पौवाघर को पुनर्निमाणका लागि मौलिक डिजाइन सहितको डिपिआर् अनुसार आवश्यक योजना निर्माण गरिनेछ ।
- घरेलु, कुटिर तथा मझौला उद्योग स्थापना गर्न आवस्यक सहजिकरण तथा सहायता गरिनेछ ।
- ठूला लगानीका उद्योग सञ्चालन गर्न प्रोत्साहन गर्दै त्यस्ता उद्योगका लागि आवस्यक सडक, खानेपानी तथा कच्चा पदार्थ लगायतका पुर्वाधारका लागि आवश्यक सहयोग गरिनेछ ।
- वातावरण संरक्षण, स्थानीय कच्चा पदार्थको सदुपयोग, फोहोरमैला व्यवस्थापनमा सहयोग पुग्ने प्रकृतिका उद्योगलाई विशेष अनुदान तथा व्यवस्थापन सहयोग उपलब्ध गराइनेछ ।
- नीजि साझदारी ऐन निर्माण गरि लागत सहभागितामा उत्पादनमूलक तथा नगरको आन्तरिक आय बढ्ने प्रकृतिका ठूला उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
- नगरको शहरी विकास गुरुयोजनाले विशेष प्राथमिकता तोकेको पर्यटन क्षेत्रको विकासका लागि सम्भाव्यता अध्ययन गरि विशेष कार्यक्रम तय गरिनेछ ।
- घरबास पर्यटन सञ्चालन भैरहेका र गर्न चाहने समुदाय वा परिवारलाई आवस्यक तालिम र पुर्वाधार निर्माण गर्न सहयोग गरिनेछ ।
- नगरपालिकाबाट वडा नंबर २ र ९ मा निर्मित भ्यू टावरहरुमा पर्यटनमैत्री थप पुर्वाधार निर्माण गरि आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ ।
- आन्तरिक पर्यटन प्रवर्धन गर्न अन्य स्थानीय तहहरु र नेपाल नगरपालिका संघ संग समेत समन्वय गरि अन्तरपालिका सिकाई भ्रमण तथा अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ ।

## १०. साझेदारीः

- विकास निर्माण तथा साझा हित हुने प्रकृतिका कार्यक्रममा संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तथा र सरोकारवालाहरु संग आवस्यक साझेदारी गरिनेछ ।
- ठूला प्रकृतिका योजना संचालन, फोहोरमैला व्यवस्थापन, हाइड्रोपावर तथा पुर्वाधार जन्य र शहरी व्यवस्थापनमा अन्य स्थानीय तह तथा कम्पनी र संघ संस्थाहरु संग समेत साझेदारी गरिनेछ ।
- विदेशी दातृ निकाय तथा स्थानीय तह संग विशेष सम्वन्ध तथा भगिनी सम्वन्ध स्थापना गर्ने तथा यस अघि सम्वन्ध स्थापित भएका साझेदारहरु संग सहकार्यमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

- विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा साझेदारीमा प्रस्ताव गर्ने संस्था वा निकायलाई पहिलो प्राथमिकतामा राखिनेछ ।
- नगरक्षेत्रका युवा क्लब, टोल विकास संस्था तथा सामुदायिक संस्थालाई उचित नियमन तथा परिचालन गरि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## ११. हरियाली, वातावरण संरक्षण, नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन

- नीलकण्ठ नगरपालिकाको झण्डै ५० प्रतिशत क्षेत्र ओगट्ने सरकारी बनको उचित संरक्षण तथा नीजि, सामुदायिक र कबुलियती बनको संरक्षण र प्रवर्धनमा आवश्यक कार्यक्रम तय गरिनेछ ।
- नगरपालिकाको कम्तिमा ७० प्रतिशत भागलाई हरियाली बनाउने लक्ष अनुरुप नीजि जग्गा, घरआँगनमा हरियाली प्रवर्धन गरिनेछ ।
- हरियाली सडकका लागि दायाँ बायाँ बृक्षारोपण, खोला खोल्सामा  वृक्ष तथा बाँस रोपण, तटबन्धन, सार्वजनिक तथा पर्ति जग्गामा वृक्ष_रोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नदी बहाव र  वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी नदीजन्य निर्माण सामाग्रीको उत्खनन तथा सहज आपूर्ति हुने व्यवस्था मिलाईनेछ ।
- घरको छत र बरण्डामा कौशि खेती तथा फूलरोपण शुरुवात गरी नगरलाई सफा र हरियो नगरको  रुपमा  विकास गरिनेछ ।
- जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईनेछ ।
- वातावरण प्रतिकुल योजना, उद्योग तथा गतिविधिलाई निरुत्साहित गर्दै जुलवायु परिवर्तनको असर न्युनिकरण गरिनेछ ।
- नगरपालिकामा सञ्चालन हुने ठूला आयोजनाहरुको अनिवार्यरुपमा वातावरणीय प्रभाव मुल्यांकन गरि वातावरण मैत्री व्यवस्था गरिनेछ ।
- फोहोरमैला संकलन तथा व्यवस्थापनमा आधुनिक प्रविधि तथा श्रोतमै बर्गिकरण गर्ने प्रक्रियाको थालनी गरिनेछ ।
- फोहोरको अन्तिम विसर्जन स्थलको उचित व्यवस्थापन तथा नीजि साझेदारी मोडेललाई प्रभावकारी बनाउँदै फोहोरबाट उर्जा उत्पादन योजना शुरुवात गरिनेछ ।
- फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन  गरिनेछ ।
- नीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन तथा कार्यविधि, २०७६ अनुसार फोहोरमैला व्यवस्थापन समिति, टोलसुधार समिति तथा अन्य सरोकारवालाहरु संग सहकार्य गरि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

## १२. युवा, खेलकुद र नवप्रवर्तन:

- नगपालिकाको युवा जनशक्तिलाई सहि परिचालन गर्न उत्प्रेरणा तथा नेतृत्व विकास र चरित्र निर्माण सम्बन्धीत कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवाहरुद्धारा प्रस्तुत नवप्रवर्तनात्मक प्रस्तावको आधारमा आवश्यक सहयोग गरिनेछ ।
- नविन सोँचमा आधारित कार्यक्रमलाई प्रोत्साहन र प्रवर्धन गरिनेछ ।
- युवाहरुलाई स्वरोजगार तथा उत्पादनमूलक काममा लगाउन मेयर उद्यमशिलता विकास कार्यक्रममा समावेश गराइनेछ ।
- नगरक्षेत्रमा खेलकुद प्रवर्धन गर्न नगर खेलकुद विकास समिति गठन गरि सवै खेल समेट्ने गरि खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- गत वर्ष देखि प्रारम्भ गरिएको मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

- नगरक्षेत्रका खेलाडीहरुलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय स्तर देखिनै खेलकुद विकास गर्न र खेलाडी उत्पादन गर्न रचनात्मक कार्यक्रम तथा खेलाडी पहिचान र प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरक्षेत्रका खेलमैदान स्तरवृद्धि तथा विद्यालयहरुमा खेल खेल्न पर्याप्त हुने गरि खेलमैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**१३. सूचना तथा सञ्चार प्रविधि:**

- नगरपालिकामा इ गनर्भान्स प्रणाली लागू गर्ने गरि सूचना तथा सञ्चार प्रविधि को पुर्वाधार विकास गर्दै लगिनेछ ।
- नगरपालिका मातहतका सवै वडा कार्यालय, स्वास्थ संस्था, विद्यालय, क्याम्पस तथा पुस्तकालयहरुमा नेटवर्किङ सञ्जाल विस्तार तथा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार गरिनेछ ।
- सुशासन र पारदर्शिताका लागि सूचना तथा सञ्चार प्रविधिको यथासक्य उपयोग गरिनेछ ।
- सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार गर्नुपर्ने आवधिक सूचना प्रकाशन प्रोएक्टीभ डीस्क्लोजर अवधारणामा प्रकाशन गरिनेछ ।
- नगरपालिकावाट प्रदान गरिने सवै सेवा प्रवाहका लागि एकिकृत अनलाई पोर्टोल सञ्चालनमा ल्याउन र विद्युतीय शुसासन कायम गर्न डिजिटल नीलकण्ठ गुरुयोजना निर्माण गरि कार्यप्रासम्भ गरिनेछ ।
- स्थानीय सञ्चार संस्थाहरु, रेडियो, टेलिभिजन, अनलाईन, पत्रिकाहरु संग सहकार्य निरन्तर गरिनेछ ।
- पत्रकारहरुको क्षमता विकासका लागि मागमा आधारित सहायतालाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणको प्रभावकारी प्रचार प्रसारका लागि सञ्चारमाध्यम र सामाजिक सञ्जालमा विज्ञ समूहवाट सामाग्री उत्पादन गरि प्रशारण तथा प्रकाशन गरिनेछ ।
- राष्ट्रिय मिडियामा काम गर्ने पत्रकारहरु संग सहकार्य गरि नगरपालिकाको महत्वपूर्ण गतिविधिहरुका बारेमा अध्ययन अनुसन्धान गर्न लेखनवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

**१३. शुसासन तथा संस्थागत क्षमता विकास**

- नीलकण्ठ नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित कानून, कार्यविधि, निर्देशिका तथा मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- शुसासनका लागि लुल्ला सरकार नागरिक साझेदारी समितिलाई सक्रिय बनाउँदै कार्यविधि तथा कार्ययोजना निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- नगरको प्राथमिकता क्षेत्र तथा शहरी विकास गुरुयोजना अनुसार विकासका विभिन्न विधामा आवश्यक राय सुझाव दिन विज्ञ सल्लाहकार परिषद् पठन गरि हरेक ४ महिनामा विज्ञ परामर्श कार्यशालाको आयोजना गरिनेछ ।
- न्यायीक समितिको क्षमता विकास गरि क्षेत्राधिकार भित्रको न्याय सम्पादन तथा प्रभावकारी कार्यसम्पादनका लागि इजलास निर्माण लगायत आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नीलकण्ठ नगरपालिका छैटौं नगरसभावाट गठित लेखा समितिलाई कानून अनुसार सक्रिय र स्वतन्त्र निकायको रुपमा विकास गरि शुसासन र लेखा नियन्त्रण प्रणालीको नियन्त्रण, नियमन गर्ने संयन्त्रको रुपमा विकास गरिनेछ ।
- जनप्रतिनीधि र कर्मचारीहरुको क्षमता विकास तथा अनुभव आदानप्रदानका लागि अन्य स्थानीय तह तथा भगिनी सम्वन्ध कायम रहेका देशमा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह गरिने सेवा सुविधा प्रविधि मैत्री बनाउँदै विद्युतीय शासन प्रणालीको क्रमिक विकास गरिनेछ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अफिस व्यवस्थापन सम्वन्धी पाठ्यक्रममा आधारित तालिम सवै कर्मचारीलाई र नगरको कानून, नीति नियम सम्वन्धी जानकारी समेटिएको नेतृत्व विकास तालिम सवै जनप्रतिनीधिलाई प्रदान गरिनेछ ।

- आर्थिक बर्ष २०७७।०७८ लाई कर सहभागिताको बर्षको रुपमा घोषणा गरि नगरपालिका क्षेत्रमा सञ्चालन हुने सवै साना ठूला व्यवसायलाई करको दायरामा ल्याइनेछ । जसका लागि यस अघि दर्ताभै नविकरण नभएका व्यवासयलाई शत: प्रतिशत जरिवाना छुटको व्यवस्था गरिनेछ ।
- नगरपालिका संग सम्वन्धित कुनै पनि प्रकारको गुनासो व्यवस्थापनलाई प्रभावकारी वनाउँदै कार्य प्रति जवाफदेही वनाइने छ ।
- नगर प्रमुख र अन्य कार्यपालिका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा मातहतका सवै शाखा प्रमुख तथा कर्मचारीहरु संग कार्य सम्पादन सम्झौता गरि उचित मुल्यांकन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको समग्र संगठन संरचनाको यथार्थ अवस्था अध्ययन गराई आवस्यक सुझावको आधारमा संस्थागत संरचनामा सुधार गरिनेछ ।

**नगरसभा सदस्य ज्यूहरु !**

राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, स्थानीय आवश्यकता र समस्याहरुलाई सम्वोधन गर्न नीलकण्ठ नगरपालिकाले विगतका नीति तथा कार्यक्रममा घोषणा गरेका नीति तथा कार्यक्रमहरुलाई समेत निरन्तरता दिने गरि आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गरेकोछु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनवाट कोभिड १९ जस्तो महामारीलाई परास्त गर्दै उत्पादन वृद्धि, गुणस्तरीय शिक्षा र स्वस्थ सेवा, रोजगारी तथा उद्यमशिलताको प्रवर्धन, पुर्वाधारको दिगोपन सहित सक्षम नगर प्रशासनको अवधारणाले मूर्त रुप लिने विश्वास गरेकोछु । "समृद्ध नीलकण्ठ नगरको आधार: कृषि, पयर्यटन र उद्यमशिलता सहितको पूर्वाधार" भन्ने हाम्रो भीजन प्रभावकारी नीति कार्यक्रम र वजेट सहितको हाम्रो सक्रियतावाट सार्थक हुने विश्वास लिएकोछु । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा नगरपालिकाको सिंगो समूह, सम्वन्धीत सवै सरोकारवालावाट अवस्य पनि उल्लेखनीय सहयोग सहयोग हुनेछ । अन्तमा नीलकण्ठ नगरपालिकाको समग्र विकासमा योगदान गर्ने, हामीलाई मार्गदर्शन गर्ने सवै अग्रज, कार्यपालिका पदाधिकारी ज्यूहरु, नगरसभा सदस्य ज्यूहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सल्लाहकार, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, पत्रकार ज्यूहरु लगायत सम्पूर्ण नगरवासीहरुमा धन्यवाद ज्ञापन गर्दछु ।

मितिः २०७७ असाढ १० गते

**जय नेपाल !**